# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सामाजिकविकास महाशाखा
सृजनाचोक, पोखरा

फोन नं. ०६१५३१३३५
इमेलpokharamunsamajikabikash@gmail.com


प.सं. ०८१।०८२
च.नं.

प्रथम पटक प्रकाशित मिति २०८१।०७।०७

महिला विकास सहकारी संस्थाहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।

यस पोखरा महानगरपालिकाको आ.व.२०८१।०८२ को स्वीकृत बार्षिक विकास कार्यक्रम अर्न्तगत सामाजिक विकास महाशाखा मार्फत यस महानगर भित्र रहेका महिलाहरु द्धारा सञ्चालित र प्रवर्द्धित महिला विकास सहकारी संस्थाहरुलाई थप सुदृढीकरण तथा सवलीकरण गर्न सहयोग प्रदानको उद्धेश्य अनुरुप महिला विकास सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी मिति २०८१।०७।२७ गते कार्यालय समय भित्र रीतपूर्वक प्रस्ताव पेश गर्नु हुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

तपशिल :

१ दर्ता /करचुक्ताको प्रतिलिपि ।

२.संस्थाको जम्मा शेयर सदस्य संख्या , निष्कृय सदस्य संख्य तथा थप नयाँ सदस्य सदस्या संख्याको विवरण ।

३ सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

४. पोखारा महानगरपालिका बाट यस भन्दा अघि बजेट लगेको भए आ.व. उल्लेख गरि कार्यक्रमको नाम र लाभग्राहीको नामाबली साथै कार्यक्रम सम्पन्न प्रतिवेदन ।

५. संस्थाको बचत, ऋण , शेयर रकम समेत उल्लेख गर्ने ।

६..अधिकत्तम रु १०००००(एक लाख ) सम्मको कार्यक्रमहरुको बजेट breakdown, कार्ययोजना सहितको प्रस्ताव ( बढीमा तीन पन्ना ) र सक्कल निवेदन ।

प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अन्तिम निर्णय कार्यालयको निर्णयमा निहित रहनेछ । थप जानकारी लिनु पर्ने भएमा कार्यालय समयमा ०६१ ५८१३३५ मा सर्म्पक गर्न सकिनेछ ।

सामाजिक विकास महाशाखा

निर्देशक
सामाजिक विकास महाशाखा